कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी बिकास निर्देशनालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय

सल्यान

फोन न : ०८८५२०३८२

प.सं. २०८२/०८३
च.नं.

मिति :२०८२।०७।१९

## आवेदन पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०७।१९**

पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानको आ.व.२०८२।०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न इच्छुक सल्यान जिल्लाका व्यवसायीक फर्महरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानमा तोकिएको ढाँचामा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरीएको छ । बिस्तृत जानकारीको लागी यस कार्यालयको टोल फ्रि नं. १८१०५०००१ वा सूचना अधिकारी श्री वीरेन्द्र के.सी. को सम्पर्क नं. ९८५६०३९६०६ मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | पशु वस्तु | न्युनतम क्षेत्रफल संख्या | कार्यक्रम संचालन हुने स्थान | प्रोत्साहन रकम |
|---|---|---|---|---|---|
| १ | व्यावसायी कृषक प्रोत्साहन कार्यक्रम (पशुपन्छी संस्या र क्षेत्रफलको आधारमा ) | गाई/ भैंसी | पाँच वटा माउ | जिल्ला भरी | २७८४००० |
| | | भेडा /बाखा | पचास वटा माउ | | |
| | | माछापालन | दुई रोपनि क्षेत्रफल | | |
| | | वंगुर | पाँच वटा माउ | | |
| | | अण्डा बिक्री | वर्षिक दुइ लाख गोटा | | |

**आवश्यक कागजातहरु :**

१. रु १० को हुलाक टिकट टाँस गरीएको निवेदन ।
२. नेपाली नागरीकताको प्रतिलिपि ।
३. स्थानिय तहको सिफारिस पत्र ।
४. संस्थागत हकमा दर्ता प्रमाण, प्यान नं. र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
५. कार्यालयले तोकिएको अनुसुचि १९ को प्रस्ताव ।
६. प्रोत्साहन अनुदान प्राप्त गर्नका लागी अन्य कुनै पनि कार्यक्रमबाट सेवा प्राप्त नगरेको ।
७.अनुदानग्राहिले आवेदन पेश गर्दा अनुदानग्राहिले अनुदान माग गरेको कार्यक्रमका लागी एक सय रुपैया निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर पेश गर्नु पर्नेछ ।

राजस्व सम्बन्धि विवरण

बैंकको नाम : नेपाल बैंक लिमिटेड सल्यान
कार्यालयको नाम : पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यान
कार्यालयको कोड नं. : ३१२०२६००२६
राजस्व खाता नं. : २७५०२०००००१००१००००००१
राजस्व शिर्षक नं. : १४२२९

अनुसूचि-१९ पाइने स्थान

१) गीता अपसेट प्रेस खलंगा २ सल्यान ।
२) आशिस स्टेशनरी श्रीनगर १ सल्यान ।

गोविन्द बहादुर महत
नि.कार्यालय प्रमुख



CamScanner

अनुसूची-१९

(दफा २० को उपदफा (१) को खण्ड (ख) संग सम्बन्धित)

## प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागीको लागि निवेदन र आवश्यक विवरण

श्रीमान प्रमुखज्यू

..............................

.....................................

मिति:

विषय: प्रतिफलमा आधारीत प्रोत्साहन कार्यक्रममा सहभागी गराई दिने बारे।

महोदय,

तहाँ कार्यालयको मिति ......... को सूचना बमोजिम प्रतिफलमा आधारीत प्रोत्साहन कार्यक्रममा सहभागीताका लागि देहाय बमोजिमको बिबरण सहित यो निवेदन पशे गरेको छु।

देहाय:

(क) खाद्यान्न; तरकारी तथा मसलाबाली; दलहन, रैथाने बाली सम्बन्धी विवरण:

बालीको नाम: जात:

रोप्ने मिति: खेती गरिने क्षेत्रफल:

(ख) फलफूल खेती सम्बन्धी विवरण:

फलफूलको नाम: बोट संख्या: क्षेत्रफल:

(ग) फलफूल कलमी बिरुवा सम्बन्धी विवरण

फलफूलको नाम: कलमी बोट संख्या:

(घ) पशु सम्बन्धी विवरण

पालन गरिएको पशुको नाम: संख्या:



CamScanner

(ङ) मौरीपालन सम्बन्धी विवरण मौरीको प्रजाती:
(च) गोला सहितको घार संख्या (उन्नत घार): गोला सहितको घार संख्या (स्थानीय घार):

(छ)अण्डा उत्पादन सम्बन्धी विवरण
अण्डा बिक्री संख्याः

अनुसूची-२०

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

**प्रोत्साहन अनुदानको सिमा**

| विवरण | न्यूनतम क्षेत्रफल र सङ्ख्या | प्रोत्साहन अनुदान रकम | कैफियत |
|---|---|---|---|
| तरकारी तथा मसला बाली (अदुवा, बेसार, खुर्सानी लसुन, प्याज) | पाँच रोपनी | बीस हजार रुपैयाँ | पाँच रोपनी भन्दा बढी भएमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म। |
| फलफूल | • आँप, लिची, ओखर र एभोकाडो- पचास बोट,<br>• स्याउ, सुन्तलाजात एक सय, अन्य (किवी, केरा, ड्रागन | बीस हजार रुपैयाँ | • यसभन्दा बढी फल्ने बिरुवामा प्रति बिरुवा रु. एक सय पचासका दरले थप गरी प्रति कृषक अधिकतम पचास हजार रुपैयाँसम्म।<br>• पाँच रोपनीभन्दा बढी क्षेत्रफलका लागि प्रति रोपनी दुई हजार रुपैयाँको दरले पचास हजार रुपैयाँसम्म। |



CamScanner

| | | | |
|---|---|---|---|
| | फ्रुट) फलफूल पाँच रोपनी | | |
| दलहन तेलहन बाली | पाँच रोपनी | बीस हजार रुपैयाँ | पाँच रोपनीभन्दा बढी भएमा प्रति रोपनी एक हजार पाँच सय रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म। |
| रैथाने बाली वस्तु (फापर, कोदो, चिनो, कागुनो, लट्टे,) | प्रति बाली पाँच रोपनी | पन्ध्र हजार रुपैयाँ | पाँच रोपनी भन्दा बढीमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म। |
| गाई वा भैंसी | पाँच वटा माउ | तीस हजार रुपैयाँ | पाँच वटा भन्दा बढी भएमा प्रति गाई भैंसी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| बाखा, भेडा तथा च्याङ्ग्रा | पचास वटा माउ | तीस हजार रुपैयाँ | पचास वटा भन्दा बढी भएमा प्रति गोटा एक हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |



CamScanner

| | | | |
|---|---|---|---|
| खाद्यान्न बाली बीउ उत्पादन | दश रोपनी | बीस हजार रुपैयाँ | दश रोपनी भन्दा बढी भएमा प्रति रोपनी एक हजार पाँच सय रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| माछापालन | (क)कार्प तथा अन्य प्रचलित प्रजाती दुई रोपनी जलाशय (ख) रेन्बो ट्राउट दुई सय वर्ग मीटर रेसवेको जलाशय | पच्चिस हजार रुपैयाँ | (क) दुई रोपनी भन्दा बढी भएमा प्रति रोपनी तीन हजार रुपैयाँका दरले बढीमा पचास हजार रूपयाँसम्म (ख) दुई सय वर्ग मिटर भन्दा बढी भएमा प्रति दश वर्ग मिटर एक सय रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |



CamScanner

| | | | |
|---|---|---|---|
| मौरीपालन | सेरेना प्रजातीः बीस घार गोला सहित मेलिफेरा प्रजातीः पचास घार गोला सहित (मध्यपहाडको हकमा आधुनिक घार हुनुपर्ने) | बीस हजार रुपैयाँ | न्यूनतम घार भन्दा बढी भएमा प्रति घार एक हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| अण्डा बिक्री | वार्षिक दुई लाख गोटा | तीस हजार रुपैयाँ | थप उत्पादनमा प्रति क्यारेट पाँच रुपैयाँका दरले बढीमा एक लाख साठी हजार रुपैयाँ सम्म। |
| फलफूलका कलमी बिरुवा | प्रति बिरुवा | सुन्तलाजातःतीन रुपैया स्याउः पाँच रुपैया ओखरः दश रुपैया अन्यः तीन रुपैया | दर्ता भएका नर्सरीहरुलाई ओखरको हकमा न्यूनतम वार्षिक दुई सय बिरुवा र अन्य बिरुवाको हकमा न्यूनतम पाँच सय बिरुवा सङ्ख्या र गुणस्तरका आधारमा नगद प्रोत्साहन अनुदान दिने र प्रति नर्सरी |



119

CamScanner

| | | |
|---|---|---|
| | | अधिकतम एक लाख रुपैयाँसम्म दिन सकिने। |
| संगठित बजारमा दुध बिक्री | जुम्ला, कालिकोट, हुम्ला, डोल्पा र मुगु | दश रुपैयाँ प्रति लिटर |
| | दैलेख, सल्यान, सुर्खेत, रुकुम (पश्चिम) र जाजरकोट। | पाँच रुपैयाँ प्रति लिटर |
| | दलित वर्ग ले दुध बजारमा बिक्री गरेकी वडा कार्यालयबाट प्रमाणित गरेर निवेदन पेस गरेमा | पाँच रुपैयाँ प्रति लिटर |

आन्तरिक मामिला तथा कानून मन्त्रालय